# बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बरहथवा, सर्लाही

## पोखरी, बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०८१/०४/१४ गते)

उपर्युक्त विषयमा यस कार्यालयको मिति २०८०/०३/०२ गतेको नगरकार्यपालिकाको निर्णयानुसार आ.व. २०८१/०८२ को लागि तपसिलमा उल्लेखित बजार, नदी खोला र पोखरीहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः-

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणपत्रको प्रतिलिपि, पा नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट न्युनतम अंक रु १० लाख सम्मको लागि दस्तुर रु. १,०००/- र रु. १० लाख भन्दा माथिको लागि दस्तुर रु ३,०००/- मा खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.बैं.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग३.००-१४००३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै खाम बन्दी गरी पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिनेछ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।

११. ठेक्का स्वीकृत भए पछि उल्लेखित सकार रकम एकमुष्ठ नगदै बुझाउनेहरुलाई १० प्रतिशत छुट दिइने छ ।यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१२. ठेक्का अवधि २०८१/०४/०१ गते देखि २०८२/०३/३१ गते सम्मको न्युनत्तम ठेक्का रकम कायम गरी सूचना प्रकाशन भएकोमा चलन पुर्जी वा सम्झौता हुँदा सम्म विति सकेको बजारको दामासाहीको आधारमा एकिन गरी सकार रकमबाट घटाइनेछ ।

१३. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

१४. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्विकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ। ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ । ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ ।

१५. पोखरी ठेक्का अवधि सम्झौता भएको मिति देखि मिति २०८४ अषाढ मसान्त सम्म ३ (तीन) वर्षका लागि कायम गरिएको छ । खोला र बजार ठेक्काको हकमा सम्झौता भएको मिति देखि मिति २०८२ साल अषाढ मसान्त सम्म १ (एक) वर्षका लागि कायम गरिएको छ ।

१६. पोखरी ठेक्काको हकमा कबोल अंकको ४०% सम्झौताका बखत दाखिला गर्नु पर्नेछ । बाँकी रकम २०८२ साल जेठ मसान्त भित्र दोस्रो किस्ता ३०% र बाँकी अन्तिम किस्ता २०८३ साल जेठ मसान्त भित्र बुझाउनु पर्नेछ । बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१७. बजार ठेक्काको हकमा कवोल अंकको ६० % सम्झौताका बखत दाखिला गर्नुपर्नेछ । बाँकी रकम २०८१ साल चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । बाँकी अवधिका लागि यस कार्यालयको नाममा २०८२ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१८. बजार तथा खोला ठेक्का समेत किस्तामा लिदा बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१९. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वंयमले व्यहोर्नु पर्नेछ ।

२०. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कवुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ ।

२१. सूचनामा उल्लेख नभएका विषय प्रचलित ऐन-कानून बमोजिम हुनेछ ।

| क्र.स. | ठेक्काको नाम | बजार लाग्ने ठाउँ | न्युनत्तम सकार रकम |
|---|---|---|---|
| ०१/०८१/०८२ | गोरु तथा भैसी बजार | हनुमान मन्दिर नजिक रहेको खाली ठाउँमा | ३०५००००/- |
| ०४/०८१/०८२ | चामल, रेडिमेट तथा कान्छी बजार | राजदेवी मन्दिरको उत्तर रहेको खाली ठाउँ | ३१११००/- |
| ०८/०८१/०८२ | बागमती खोला माछा ठेक्का | | ६५१००/- |
| ०९/०८१/०८२ | एकदशी खोला माछा ठेक्का | | ३१५९५/- |
| १०/०८१/०८२ | सरखिया खोला माछा ठेक्का | | ६००००/- |
| १३/०८१/०८२ | बुढी बागमती खोला माछा ठेक्का | | ४००००/- |
| १४/०८१/०८२ | गुलरिया मन माछा ठेक्का | | २५०००/- |
| १५/०८१/०८२ | लौकठ बजार | | १००००/- |
| १६/०८१/०८२ | लौकठ पर्ति बजार | | १५०००/- |
| १७/०८१/०८२ | पथलैया बजार हजरिया | | ७०००/- |
| २०/०८१/०८२ | श्रीपुर पोखरी भोलेबाबाको मठ नजिक | पोखरी ठेक्का आ.व.(आ.व.२०८१/०८२ देखि २०८३/०८४ सम्म) ३ (तीन) वर्षिय हुनेछ । | २०६०००/- |
| २१/०८१/०८२ | टिकुलिया पोखरी | | ३२१०००/- |

..........................

सत्य नारायण यादव

नि.प्रमुख प्रशासकीय अधिकृत